# पुर्चौंडी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

हाट,बैतडी

सुदूरपश्चिम प्रदेश
नेपाल

प.स.२०८०।०८१

मिति:२०८०।११।१४

**सेवा करारमा कर्मचारी पदपूर्ति सम्बन्धी सूचना !**

(प्रथम पटक सूचना प्रकाशित मिति २०८०।११।१४)

यस नगरपालिकाको लागि आवश्यक पर्ने तपसिल बमोजिमको पद सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएको हुँदा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र योग्यता पुगेका इच्छुक नेपाली नागरिकले माग बमोजिमका विवरण सहित दरखास्त फाराम बुझाउन यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

| क्र.स. | विज्ञापन नं. | पद | माग संख्या |
|---|---|---|---|
| १ | १७।०८०-८१ | क्षयरोगमुक्त अभियान कार्यक्रम संयोजक | १(एक) |

१) आवश्यक न्यूनतम योग्यता र अनुभव :

(क) नेपाल सरकारवाट मान्यता प्राप्त शिक्षण संस्थाबाट जनस्वास्थ्य विषयमा स्नातक तह उत्तीर्ण गरी सम्बन्धित परिषदमा दर्ता भएको हुनु पर्नेछ ।

(ख) उमेर: कम्तीमा २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।

(ग) कम्प्युटर सम्बन्धी ज्ञान भएको ।

(घ) अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको ।

(ङ) सम्बन्धित क्षेत्रमा कम्तीमा २ वर्षको कार्य अनुभव भएको । क्षयरोग नियन्त्रण कार्यक्रम सम्बन्धी अनुभव भएका उम्मेदवारलाई प्राथमिकता दिइनेछ ।

२) दरखास्त दिने स्थान : पुर्चौंडी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, हाट, बैतडी ।

३) दरखास्त दिने अन्तिम मिति : २०८०।११।२९ गते कार्यालय समयभित्र (अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट कार्यालय खुल्ने दिन) ।

४) आवेदन दस्तुर : रु. १,०००।- ( नगरपालिकाको राजस्व शाखामा बुझाउनु पर्नेछ ) ।

५) छनौटको किसिम : प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन, लिखित र अन्तरवार्ता ।

६) आवेदनका साथ आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिमका कागजातहरुको प्रतिलिपि संलग्न गर्नुपर्नेछ ।

(क) नेपाली नागरिकता,(ख) न्यूनतम शैक्षिक योग्यताको लब्धांक पत्र तथा चारित्रिक प्रमाण पत्रको प्रतिलिपि,(ग) समकक्षता आवश्यक पर्ने भए सोको प्रतिलिपि,(घ) अनुभव खुल्ने कागजातको प्रतिलिपि,(ङ) राजस्व तिरेको रसिदको सक्कल प्रति,(च) परिषद् दर्ता प्रमाण पत्रको प्रतिलिपि,

७) सेवा सुविधा: सम्बन्धित कार्यक्रमको कार्यविधि र पुर्चौंडी नगरपालिकाको नियमानुसार ।

८) लिखित परीक्षाको हकमा संघीय लोकसेवा आयोगको स्वास्थ्य सेवा, हेल्थ इन्स्पेक्सन समूह, जनस्वास्थ्य अधिकृत पदको प्रथम पत्रको पाठ्यक्रम बमोजिम परीक्षा सञ्चालन हुनेछ ।

९) पदले सम्पादित गर्नुपर्ने कामः कार्य विवरण अनुसार हुनेछ ।

१०) दरखास्त फाराम पाउने स्थानः नगरपालिकाको कार्यालय ।

११) परीक्षा सम्बन्धी जानकारी पछि प्रकाशन गरिनेछ ।

१२) करार अवधि २०८१ असार मसान्तसम्म रहनेछ ।

..................
प्रमुख प्रशासकीय अधिकृत

***थप जानकारीका लागि सम्पर्क व्यक्ति: सुरेन्द्र प्रसाद अवस्थी(स्वास्थ्य शाखा प्रमुख),सम्पर्क नं:९८५८७८०२८२,९८४८८५०७७२***